# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, फागुन २९ गते २०५१ साल (अतिरिक्ताङ्क ५३


## भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको तेइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५१ सालको ऐन नं. ७

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### श्रमजीवी पत्रकारको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : श्रमजीवी पत्रकारहरुको हक, हित, सुविधा र सुरक्षाको समयोचित व्यवस्था गर्न तथा निजहरुको व्यावसायिक दक्षता प्रवर्द्धन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्न प्रोत्साहित गरी स्वच्छ पत्रकारिताको विकास गर्न वाञ्छनीय भएकोले

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको तेईसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "समाचारपत्र" भन्नाले सार्वजनिक महत्वका समसामयिक विषयका क्षेत्रमा टिप्पणी भएको वा नभएको लिखत, समाचार तथा विचारहरु समेत समावेश भएको सार्वजनिक रुपमा बिक्री वितरण हुने दैनिक, साप्ताहिक, पाक्षिक तथा मासिक रुपले प्रकाशित हुने समाचारपत्र सम्झनु पर्छ ।

(ख) "पत्रिका व्यवस्थापन" भन्नाले निजी क्षेत्रमा समाचारपत्र प्रकाशन गर्ने उद्देश्यले ६ जना वा सो भन्दा बढी श्रमजीवी पत्रकारहरु कार्यरत रहेको कुनै व्यक्ति वा संगठित संस्थाको नाममा दर्ता भएको पत्रिकाको व्यवस्थापन सम्झनु पर्छ ।

(ग) "व्यवस्थापक" भन्नाले कुनै पत्रिका व्यवस्थापनको कार्य सञ्चालनमा अन्तिम निर्णय गर्ने अधिकार प्राप्त व्यक्ति सम्झनु पर्छ ।

९४७२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) "श्रमजीवी पत्रकार" भन्नाले कुनै पत्रिका व्यवस्थापनमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्ति बाहेक पत्रकारिता पेशालाई प्रमुख व्यवसाय अपनाई पारिश्रमिक लिई कुनै पत्रिका व्यवस्थापनमा पूर्ण वा आंशिक समय काम गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले समाचारपत्रको प्रधान सम्पादक, सम्पादक वा सम्पादक मण्डलका सदस्यहरु, सम्वाददाता, शीर्षक लेखक, स्तम्भ लेखक, प्रेस फोटोग्राफर वा व्यङ्ग चित्रकारलाई समेत जनाउँछ ।

(ङ) "कर्मचारी" भन्नाले खण्ड (ग) र (घ) मा उल्लिखित व्यक्ति बाहेक पत्रिका व्यवस्थापनको प्रशासनिक वा अन्य काममा संलग्न व्यक्ति सम्झनु पर्छ ।

(च) "पारिश्रमिक" भन्नाले श्रमजीवी पत्रकारले पत्रिका व्यवस्थापनमा काम गरे बापत पत्रिका व्यवस्थापनको तर्फबाट पाउने तलब सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले श्रमजीवी पत्रकारको पारिश्रमिक तथा क्षतिपूर्ति निर्धारण गर्न दफा ११ बमोजिम गठित पारिश्रमिक तथा क्षतिपूर्ति निर्धारण समिति सम्झनु पर्छ ।

(ज) "परिवार" भन्नाले श्रमजीवी पत्रकारसंग बस्ने तथा निज आफैले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतीनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष श्रमजीवी पत्रकारको हकमा निजको बाजे, बज्यै तथा महिला श्रमजीवी पत्रकारको हकमा निजको सासु, ससुरालाई समेत जनाउँछ ।

(झ) "प्रेस रजिष्ट्रार" भन्नाले छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०४८ को दफा १९ बमोजिम नियुक्त भएको प्रेस रजिष्ट्रार सम्झनु पर्छ ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद -२
## नियुक्ति, सेवाको सुरक्षा तथा काम गर्ने समय

३. पदको वर्गीकरण गर्नु पर्ने : (१) व्यवस्थापकले तोकिएको आधारमा श्रमजीवी पत्रकारहरुको पद वर्गीकरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम श्रमजीवी पत्रकारको पद वर्गीकरण गरिसकेपछि व्यवस्थापकले सो पदको लागि चाहिने योग्यता, अनुभव, काम, कर्तव्य र अधिकार तथा उत्तरदायित्व समेत उल्लेख भएको विवरण प्रेस रजिष्ट्रारलाई दिनु पर्नेछ ।

४. श्रमजीवी पत्रकारको नियुक्ति : (१) दफा ३ बमोजिम पद वर्गीकरणको जानकारी प्रेस रजिष्ट्रारलाई दिइसकेपछि व्यवस्थापकले सोही दफाको उपदफा (२) बमोजिमको योग्यता पुगेको व्यक्तिलाई तोकिएको आधारमा श्रमजीवी पत्रकारमा नियुक्त गर्नेछ ।

१८२४



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) प्रधान सम्पादक र सम्पादकको नियुक्ति व्यवस्थापकले गर्नेछ । व्यवस्थापकले पत्रिका व्यवस्थापनका प्रधान सम्पादक र सम्पादक बाहेक अन्य श्रमजीवी पत्रकारहरुलाई नियुक्ति गर्दा प्रधान सम्पादक भए निजको र प्रधान सम्पादक नभए सम्पादकसंग सल्लाह लिन सक्नेछ ।

५. करारमा नियुक्ति गर्न सकिने : पत्रिका व्यवस्थापनको कुनै कामको लागि कुनै व्यक्तिलाई श्रमजीवी पत्रकारमा करारमा नियुक्त गर्न सकिनेछ । त्यसरी नियुक्त भएको श्रमजीवी पत्रकारले गर्नु पर्ने काम, पाउने पारिश्रमिक, सेवाको अवधि तथा सेवाका अन्य शर्त एवं सुविधा निजको नियुक्ति सम्बन्धी करारपत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

६. परीक्षणकालमा रहने : श्रमजीवी पत्रकारमा शुरुमा स्थायी नियुक्ति गर्दा छ महिनाको परीक्षणकालमा रहने गरी नियुक्ति गरिनेछ । सो अवधिमा निजको काम सन्तोषजनक नभएमा निजको नियुक्ति बदर गर्न सकिनेछ ।

७. पदाधिकार कायम रहने : देहायको अवस्थामा श्रमजीवी पत्रकारको आफ्नो पद माथिको पदाधिकार कायम रहनेछ :-

(क) त्यस पदमा कामकाज गरिरहँदा सम्म,

(ख) बिदामा रहेको बखत,

(ग) व्यवस्थापकले अन्यत्र काजमा खटाएको बखत, वा

(घ) निलम्बन रहेको बखत ।

८. सेवाको सुरक्षा : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको रीत नपुर्‍याई कुनै पनि श्रमजीवी पत्रकारको सेवाको अन्त्य गर्न सकिने छैन ।

१४८८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. काम गर्ने समय : (१) श्रमजीवी पत्रकारले काम गर्नु पर्ने समय उपदफा (२) को अधीनमा रही व्यवस्थापकले तोकिदिए बमोजिम हुनेछ ।

(२) श्रमजीवी पत्रकारले प्रत्येक हप्तामा काम गर्नु पर्ने समय अठचालीस घण्टाभन्दा बढी हुने छैन र प्रत्येक हप्तामा निजले आलोपालो गरी एक दिन साप्ताहिक बिदा पाउनेछ ।

(३) कुनै श्रमजीवी पत्रकारलाई उपदफा (२) बमोजिम तोकिएको समय भन्दा बढी समय काममा लगाएमा तोकिए बमोजिम थप सुविधा दिनु पर्नेछ ।

१०. हाजिरी र बिदा सम्बन्धी व्यवस्था : (१) प्रत्येक व्यवस्थापकले पत्रिका व्यवस्थापनमा काम गर्ने श्रमजीवी पत्रकारहरुको हाजिरी किताव राख्नु पर्नेछ ।

(२) प्रत्येक श्रमजीवी पत्रकारले व्यवस्थापकले तोकेको समयमा नियमित रुपले आफ्नो कार्यालय वा कार्यक्षेत्रमा उपस्थित भई काम गर्नु पर्नेछ । सामान्यतया बिदा स्वीकृत नगराई कार्यालय वा कार्यक्षेत्रमा अनुपस्थित हुनु हुँदैन ।

(३) श्रमजीवी पत्रकारहरुले पाउने सार्वजनिक बिदा, भैपरी आउने तथा पर्व बिदा, बिरामी बिदा, घर बिदा, सुत्केरी बिदा, किरिया बिदा र बेतलबी बिदा तोकिए बमोजिम हुने छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - ३
## पारिश्रमिक तथा क्षतिपूर्ति

११. पारिश्रमिक तथा क्षतिपूर्ति निर्धारण समिति : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम श्रमजीवी पत्रकारहरुले पाउने मासिक पारिश्रमिक वा दफा १४ बमोजिमको क्षतिपूर्तिको रकम निर्धारण गर्न तथा त्यस्तो पारिश्रमिक वा क्षतिपूर्तिको रकममा समय समयमा परिवर्तन गर्ने सम्बन्धमा श्री ५ को सरकारमा सिफारिश गर्नको लागि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी देहायका सदस्यहरु भएको एक पारिश्रमिक तथा क्षतिपूर्ति निर्धारण समिति गठन गर्नेछ :-

(क) श्री ५ को सरकारले तोकेको व्यक्ति - अध्यक्ष

(ख) प्रतिनिधि, सूचना तथा सञ्चार मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि, श्रम मन्त्रालय - सदस्य

(घ) प्रतिनिधि, श्री ५ को सरकारले तोकेको नेपाल पत्रकार संघ - सदस्य

(ङ) श्रमजीवी पत्रकारहरुमध्येबाट श्री ५ को सरकारबाट मनोनीत तीन जना - सदस्य

(च) प्रतिनिधि, प्रेस काउन्सिल - सदस्य

(छ) प्रेस रजिष्ट्रार - सदस्य-सचिव

९४५८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरुमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ङ) बमोजिम मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ ।

(४) समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(५) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. पारिश्रमिक तथा भत्ता पाउने : (१) श्रमजीवी पत्रकारले पत्रिका व्यवस्थापनमा काम गरे बापत मासिक पारिश्रमिक पाउनेछ ।

(२) कुनै श्रमजीवी पत्रकारले पकाएको पारिश्रमिक तथा भत्ता निज जुनसुकै व्यहोराले पत्रिका व्यवस्थापनको सेवामा नरहेमा पनि पाउनेछ ।

(३) यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम बमोजिम बाहेक कुनै श्रमजीवी पत्रकारको मासिक पारिश्रमिक कट्टा गरिने छैन ।

(४) कुनै श्रमजीवी पत्रकारले पाउने पारिश्रमिक निज बिदामा बसेको बखत रोकिने छैन ।

१३. वार्षिक तलब बृद्धि : प्रत्येक श्रमजीवी पत्रकारले एक वर्षको सेवा पूरा गरेपछि तोकिए बमोजिम एउटा तलब बृद्धि पाउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. क्षतिपूर्ति पाउने : कुनै श्रमजीवी पत्रकारलाई पत्रिका व्यवस्थापनको कामको सिलसिलामा कुनै कार्य गर्दा शरीरमा चोटपटक लागेमा वा अङ्गभङ्ग भएमा वा निजको मृत्यु भएमा सो बापत यस ऐन बमोजिम पाउने क्षतिपूर्ति निजले वा दफा १६ मा उल्लेख भए बमोजिमको व्यक्तिले पाउनेछ ।

१५. पारिश्रमिक कट्टी गर्नमा प्रतिबन्ध : (१) श्रमजीवी पत्रकारको पारिश्रमिक देहायको अवस्थामा बाहेक अरु अवस्थामा कट्टी गरिनेछैन :-

(क) लागेको जरिबाना कट्टी गर्नु परेमा,

(ख) गैर हाजिर बापत कट्टी गर्नु परेमा,

(ग) जानीजानी वा लापरवाही साथ काम गर्दा पत्रिका व्यवस्थापनलाई पुग्न गएको नोक्सानी बापत कट्टी गर्नु परेमा,

(घ) पारिश्रमिकबाट कट्टी हुने गरी अघि दिएको पेश्की रकम कट्टी गर्नु परेमा,

(ङ) सरकारी अड्डा वा अदालतको आदेश बमोजिम तिर्नु बुझाउनु पर्ने कुनै रकम कट्टी गर्नु परेमा,

(च) प्रचलित कानून बमोजिम लाग्ने आय कर वा अन्य कुनै कर कट्टी गर्नु परेमा, वा

(छ) तोकिए बमोजिम कुनै रकम कट्टी गर्नु परेमा ।

(२) उपदफा (१) बमोजिम कट्टी हुने रकमको हद, कट्टी गरिने तरिका र अवधि तथा तत्सम्बन्धी अन्य कुरा तोकिए बमोजिम हुनेछ ।

१४५३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. <u>बाँकी रकम भुक्तानी पाउने</u> : (१) कुनै श्रमजीवी पत्रकारको पत्रिका व्यवस्थापनको सेवाबाट अवकाश प्राप्त गरे पश्चात वा सो सेवामा छँदै मृत्यु भई यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पाउने रकम पत्रिका व्यवस्थापनबाट लिन बाँकी भएमा त्यस्तो रकम श्रमजीवी पत्रकार स्वयंले वा निजले इच्छाएको व्यक्तिले पाउनेछ ।

(२) उपदफा (१) बमोजिमको रकम लिन श्रमजीवी पत्रकारले कसैलाई पनि नइच्छाएकोमा त्यस्तो रकम निजको परिवारको सबैभन्दा नजीकको हकवालाले पाउनेछ ।

## परिच्छेद - ४
## कल्याणकारी व्यवस्था

१७. <u>कल्याणकारी कोष</u> : व्यवस्थापकले श्रमजीवी पत्रकारको हक, हित र सुरक्षाको लागि तोकिए बमोजिमको एक कल्याणकारी कोष खडा गर्नु पर्नेछ ।

१८. <u>उपदान, संचय कोष र औषधि उपचार तथा अन्य सुविधा</u> : श्रमजीवी पत्रकारहरुले पाउने उपदान, संचय कोष, औषधि उपचार तथा अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।

१९. <u>स्वामित्व परिवर्तनले प्रतिकूल असर नपर्ने</u> : पत्रिका व्यवस्थापनमा भएको स्वामित्वको परिवर्तनले त्यस्ता पत्रिका व्यवस्थापनमा कार्यरत श्रमजीवी पत्रकारहरुको सेवा, शर्त तथा सुविधामा कुनै प्रतिकूल असर पर्ने छैन ।

२०. <u>मर्का पर्ने गरी सेवा, शर्त तथा सुविधामा परिवर्तन नगरिने</u> : श्रमजीवी पत्रकारहरुलाई मर्का पर्ने गरी निजको सेवाको शर्त तथा सुविधामा परिवर्तन गरिने छैन ।

१५६०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - ५
## अवकाश र दरबन्दी कटौती

२१. अवकाश : (१) यो ऐन प्रारम्भ हुनु अघि वा प्रारम्भ भएपछि गरी श्रमजीवी पत्रकारको रुपमा अविच्छिन्न २५ वर्ष सेवा अवधि पूरा गरेको श्रमजीवी पत्रकारलाई व्यवस्थापकले सेवाबाट अवकाश दिन सक्नेछ ।

(२) कुनै श्रमजीवी पत्रकारले व्यवस्थापकलाई तीन महिनाको अग्रीम सूचना दिई पत्रिका व्यवस्थापनको सेवाबाट स्वेच्छिक अवकाश लिन सक्नेछ ।

२२. दरबन्दी कटौती : (१) पत्रिका व्यवस्थापनको आम्दानी घट्न गएकोले वा व्यवस्थापकले लगानी घटाई पत्रिका व्यवस्थापन सञ्चालन गर्न चाहेमा सोही अनुपातमा दरबन्दी कटौती गरी श्रमजीवी पत्रकारलाई सेवाबाट अवकाश दिन सक्नेछ ।

तर यसरी दरबन्दी कटौती गरी श्रमजीवी पत्रकारलाई पत्रिका व्यवस्थापनको सेवाबाट अवकाश दिंदा एकै किसिमको काममा कार्यरत एक वर्षको अविच्छिन्न सेवा अवधि पूरा गरेका श्रमजीवी पत्रकारहरु मध्ये त्यस्तो काममा सबै भन्दा पछि नियुक्त भएकालाई पहिले कटौती गर्ने क्रमले कटौती गरी सेवाबाट अवकाश दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरबन्दी कटौती गर्नु परेमा सो गर्नु परेको कारण सहितको सूचना व्यवस्थापकले प्रेस रजिष्ट्रार र सम्बन्धित श्रमजीवी पत्रकारलाई तीन महिना अगावै दिनु पर्नेछ ।

१४६१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) बमोजिम एक पटक दरबन्दी कटौती गरिसकेपछि एक वर्षभित्र पुनः दरबन्दी सिर्जना गर्न वा करारमा कुनै श्रमजीवी पत्रकार नियुक्त गर्न पाइने छैन ।

(४) उपदफा (३) विपरीत कुनै व्यवस्थापकले सो अवधिभित्र कुनै व्यक्तिलाई श्रमजीवी पत्रकारमा नियुक्त गरेमा पहिले दरबन्दी कटौतीमा परेको श्रमजीवी पत्रकारले सो पत्रिका व्यवस्थापनमा नियुक्ति पाउँ भनी सम्बन्धित व्यवस्थापक समक्ष निवेदन गर्न सक्नेछ । यसरी परेको निवेदन अनुसार सम्बन्धित व्यवस्थापकले त्यस्तो श्रमजीवी पत्रकारलाई नियुक्ति दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम व्यवस्थापकले नियुक्ति नदिएमा त्यस्तो व्यक्तिले प्रेस रजिष्ट्रार समक्ष उजूरी गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम परेको उजूरी मनासिब देखिएमा प्रेस रजिष्ट्रारले निवेदकलाई नियुक्ति दिनु भनी सम्बन्धित व्यवस्थापकलाई आदेश दिन सक्नेछ । यसरी प्रेस रजिष्ट्रारबाट आदेश भएमा सम्बन्धित व्यवस्थापकले त्यस्तो व्यक्तिलाई पुनः श्रमजीवी पत्रकारमा नियुक्ति गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्रेस रजिष्ट्रारले दिएको आदेश उपर चित्त नबुझ्ने पक्षले पैंतीस दिन भित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

२३. <u>पत्रिका व्यवस्थापन बन्द गर्न सक्ने</u> : (१) व्यवस्थापकले आफूले सञ्चालन गरेको पत्रिका व्यवस्थापन कुनै कारणले बन्द गर्न चाहेमा सो कुराको सूचना प्रेस रजिष्ट्रार र सम्बन्धित श्रमजीवी पत्रकारहरुलाई तीन महिना अगावै दिनु पर्नेछ ।

१४६२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम पत्रिका व्यवस्थापन बन्द हुने भई श्रमजीवी पत्रकारले स्वतः अवकाश पाउने भएमा वा दफा २२ बमोजिम दरबन्दी कटौती भई श्रमजीवी पत्रकारले अवकाश पाउने भएमा व्यवस्थापकले सम्बन्धित श्रमजीवी पत्रकारहरुलाई तोकिए बमोजिम सुविधा दिनु पर्नेछ ।

२४. उजूरी गर्न सक्ने : (१) यस ऐन बमोजिम श्रमजीवी पत्रकारले पाउनु पर्ने कुनै सुविधा वा रकम पत्रिका व्यवस्थापनबाट नपाएमा वा व्यवस्थापकले यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम बमोजिमको कुनै काम नगर्दा कुनै श्रमजीवी पत्रकारलाई मर्का पर्न गएमा त्यस्तो श्रमजीवी पत्रकारले पैंतीस दिन भित्र तोकिएको समिति समक्ष उजूरी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको उजूरी मनासिव ठहरेमा तोकिएको समितिले उजूरवालाको माग बमोजिमको कुनै सुविधा वा रकम वा अन्य कार्य सम्बन्धित पत्रिका व्यवस्थापनबाट दिन वा गर्न लगाई जानीजानी दिनु पर्ने सुविधा वा रकम नदिएको वा गर्नुपर्ने काम नगरेको देखिएमा त्यस्तो व्यवस्थापकलाई एकहजारदेखि दुईहजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको समितिले गरेको निर्णयबाट मर्का पर्ने व्यक्तिले पैंतीस दिन भित्र सम्बन्धित पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१४६३



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - ६
## आचरण, सजाय र पुनरावेदन

२५. आचरण : श्रमजीवी पत्रकारहरुले तोकिए बमोजिम आचरणको पालना गर्नु पर्नेछ ।

२६. सजाय : (१) पद अनुसारको आचरण नगर्ने श्रमजीवी पत्रकारलाई व्यवस्थापकले देहाय बमोजिमको कुनै सजाय गर्न सक्नेछ :-

(क) साधारण सजाय :

(१) नसिहत दिने,

(२) बढीमा दुई वार्षिक पारिश्रमिक बृद्धि रोक्का गर्ने, वा

(ख) विशेष सजाय : सेवाबाट हटाउने ।

(२) कुनै श्रमजीवी पत्रकारको काम सन्तोषजनक नभएमा वा अनुशासनहीन काम गरेमा व्यवस्थापकले साधारण सजाय गर्न सक्नेछ ।

(३) देहायको कुनै अवस्थामा श्रमजीवी पत्रकारलाई व्यवस्थापकले विशेष सजाय गर्न सक्नेछ :-

(क) बराबर आचरण सम्बन्धी कुरा उल्लंघन गरेमा,

(ख) बराबर अनुशासनहीन काम गरेमा,

(ग) बराबर आफ्नो पदको जिम्मेवारी पूरा नगरेमा,

१५५८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) बिदा स्वीकृत नगराई वा व्यवस्थापकलाई जानकारी नदिई आफ्नो काममा ६० दिन भन्दा बढी अनुपस्थित भएमा ।

२७. <u>निलम्बन गर्न सक्ने</u> : (१) कुनै श्रमजीवी पत्रकारको सम्बन्धमा दफा २६ मा लेखिएको कुनै अभियोगको जाँचबुझ गर्नु पर्ने भएमा जाँचबुझ समाप्त नहुन्जेल सम्म त्यस्तो श्रमजीवी पत्रकारलाई व्यवस्थापकले निलम्बन गर्न सक्नेछ । तर देहायको अवस्था नभई साधारणतया निलम्बन गरिने छैन :-

(क) निलम्बन नगरी श्रमजीवी पत्रकारलाई काम गर्न दिंदा झुट्टा सवुद प्रमाण संकलन गर्न सक्ने वा आफ्नो विरुद्धको सवुद प्रमाण गायब गर्न सक्ने सम्भावना भएमा, वा

(ख) निलम्बन नगरी श्रमजीवी पत्रकारलाई काम गर्न दिंदा पत्रिका व्यवस्थापनलाई हानी नोक्सानी हुने भएमा ।

(२) उपदफा (१) बमोजिम कुनै श्रमजीवी पत्रकारलाई तीन महिना भन्दा बढी अवधि निलम्बन गर्नु हुँदैन ।

(३) उपदफा (१) बमोजिम निलम्बनमा परेको श्रमजीवी पत्रकार सेवामा बहाल भएमा वा सेवाबाट हटाइएमा निजको निलम्बन समाप्त हुनेछ ।

(४) उपदफा (१) बमोजिम निलम्बन भएको श्रमजीवी पत्रकारले त्यस्तो निलम्बनको अवधिभर आधा पारिश्रमिक पाउनेछ र निज उपर लागेको अभियोगबाट सफाई पाएमा त्यसरी निलम्बन भएको अवधिभरको पूरा पारिश्रमिक पाउनेछ ।

१४६२


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८. <u>सफाई पेश गर्ने मौका दिनु पर्ने</u> : व्यवस्थापकले कुनै श्रमजीवी पत्रकारलाई सजाय दिन आदेश दिनु भन्दा अघि कारवाही गर्न लागिएको कारण उल्लेख गरी सो श्रमजीवी पत्रकारलाई उचित म्याद दिई आफ्नो सफाई पेश गर्न मौका दिनु पर्नेछ । यसरी मौका दिंदा निजमाथि लगाइएको आरोप स्पष्ट रुपले किटिएको र प्रत्येक आरोप कुन कुन कुरामा आधारित छ सो समेत खुलाउनु पर्नेछ ।

२९. <u>विशेष सजायको आदेश दिनु भन्दा पहिले सजाय प्रस्ताव गर्नु पर्ने</u> : विशेष सजायको आदेश दिनु भन्दा पहिले व्यवस्थापकले दफा २८ बमोजिम सफाई पेश गर्न दिइएको म्याद भित्र सफाई पेश नगरेमा वा पेश हुन आएको सफाई सन्तोषजनक नभएमा त्यस्तो श्रमजीवी पत्रकारलाई दिन लागिएको प्रस्तावित सजाय किन नदिनु भनी यस सम्बन्धमा उचित म्याद दिई स्पष्टीकरण माग्नु पर्नेछ ।

३०. <u>सजाय गर्न सक्ने</u> : दफा २८ वा दफा २९ बमोजिम सफाई वा स्पष्टीकरण नै नदिएमा वा सो अनुसार दिएको सफाई वा स्पष्टीकरण सन्तोषजनक नभई त्यस्तो श्रमजीवी पत्रकारलाई सजाय गर्नु पर्ने भएमा व्यवस्थापकले दफा २६ बमोजिमको कुनै सजाय गर्न सक्नेछ ।

३१. <u>पुनरावेदन</u> : (१) दफा ३० बमोजिम व्यवस्थापकले गरेको सजायबाट मर्का पर्ने व्यक्तिले पैंतीस दिन भित्र सो प्रयोजनको लागि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको समिति समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समिति गठन गर्दा कानून, सूचना तथा सञ्चार र पत्रकारिता क्षेत्रमा अनुभव प्राप्त व्यक्तिहरु समावेश गरिनेछ ।

१४६५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) बमोजिम गठन भएको समितिको अन्य काम, कर्तव्य र अधिकार तथा अन्य कार्यविधि सोही सूचनामा तोके बमोजिम हुनेछ ।

## परिच्छेद -७
## विविध

३२. अधिकार प्रत्यायोजन : श्री ५ को सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त भएको अधिकार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै निकाय वा श्री ५ को सरकारको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३३. दण्ड सजाय : (१) कुनै श्रमजीवी पत्रकारले गरेको काम कारवाहीबाट पत्रिका व्यवस्थापनलाई हानि नोक्सानी हुन गएमा सो भए गरेको मितिले तीन महिना भित्र व्यवस्थापकले नालेस गर्न सक्नेछ ।

(२) कुनै श्रमजीवी पत्रकारले जानीजानी वा लापरवाहीसाथ कुनै काम गरेकोले पत्रिका व्यवस्थापनलाई कुनै हानी वा नोक्सानी हुन गएको ठहरिएमा त्यस्तो श्रमजीवी पत्रकारबाट भएको हानि नोक्सानीको हर्जाना भराउन लगाई निजलाई एकहजार देखि दुईहजार रुपैयाँसम्म जरिबाना हुन सक्नेछ ।

३४. कर्मचारीको सेवा, शर्त तथा सुविधा : (१) पत्रिका व्यवस्थापनमा आवश्यक संख्यामा कर्मचारीहरु रहने छन् ।

(२) कर्मचारीहरुको सेवा, शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४६८


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५. **प्रचलित कानून बमोजिम हुने** : यो ऐनमा लेखिए जति कुरामा यसै ऐन बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

३६. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

मुद्रण विभाग, सिंहदरबार

लालमोहर सदर मिति :- २०५१।११।२९।२

आज्ञाले,
**सुरेशमान श्रेष्ठ**
**श्री ५ को सरकारको का.मु. सचिव**

१४६८


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।